# साना उद्योग प्रतिष्ठान सर्वेक्षणको अन्तिम नतिजा

- आ.व.२०६५/६६ मा नेपालभरमा ३२३२६ वटा साना उद्योगहरु चालु अवस्थामा रहेका थिए । यी उद्योगहरुले सो आ.व.को प्रचलित मूल्यमा मा रु. ३००३ करोड लगानी गरेर रु. ४१४९ करोड मूल्य बराबरको वस्तु तथा सेवा उत्पादन गरेका थिए ।
- ती उद्योगहरु मध्ये ६२ % ग्रामीण क्षेत्रमा र बाँकी ३८ % शहरी क्षेत्रमा थिए ।
- ती मध्ये ९७.३% साना उद्योगहरु व्यक्तिगत थिए । १.८ % उद्योगहरु साझेदारीमा संचालित थिए भने ०.१ % सहकारीद्धारा संचालित थिए ।
- ६९% उद्योगहरु बाह्रै महिना सञ्चालन भएका थिए । ८२ % उद्योगहरु ९ महिना भन्दा बढी अवधि संचालित थिए । जम्मा ७ % उद्योगहरु सिजनल थिए ।
- कुल उद्योग मध्ये ६७ % उद्योगसँग तलबी कामदार थिए । ३३ % उद्योगसँग तलब लिने कामदार थिएनन ।
- साना उद्योग क्षेत्रमा १२२२०० जना व्यक्तिहरु संलग्न रहेका थिए । ती मध्ये ५५ % तलब पाउने र ४५ % बेतलबी कामदार थिए ।
- राष्ट्रियस्तरमा, तलबी कामदारहरुको मासिक औषत तलब रु.४४३२।– रहेको छ । साना उद्योगहरुमा काम गर्ने पुरुष र महिला तलबी कामदारको मासिक औषत तलब क्रमश: रु ४६७६।– र रु. २८३९।– छ ।
- साना उद्योगहरुमा संलग्न कुल कामदारहरु मध्ये ४ % महिला उद्यमी तथा सक्रिय साझेदार, ७ % परिवारका सदस्यहरु र ७ % तलबी कामदार गरी जम्मा १८ % महिला थिए ।
- कुल उद्योगहरु मध्ये ११ % उद्योगमा महिला उद्यमी थिए । तर उद्योगमा काम गर्ने कुल सक्रिय उद्यमी तथा साझेदारहरु मध्ये ११.८ % उद्यमीहरु महिला थिए । ती उद्योगहरुमा कुल तलबी कामदार मध्ये १२ % ले काम गरेका थिए । साना उद्योगहरुको कुल उत्पादनमा महिला उद्यमीद्धारा संचालित उद्योगहरुको अंश १३ % (रु.५२२५ करोड) थियो भने सन्दर्भ अवधिमा ती उद्योगहरुले साना उद्योगहरुको कुल मूल्य अभिवृद्धिमा १४ % (रु.१६५० करोड) योगदान गरेका थिए ।
- तलबी कामदार नराखेका उद्योगहरुले साना उद्योगको कुल उत्पादनमा ७ %, कुल मूल्य अभिवृद्धिमा १० प्रतिशत र कुल स्थिर जेथामा १६ % योगदान गरेका थिए । ती उद्योगहरुमा कुल मध्ये १६ % मानिसहरु संलग्न रहेका थिए । यस्ता तलबी कामदार नराखेका उद्योगहरु कुल उद्योग संख्याको ३३ % छन ।
- राष्ट्रियस्तरमा नेपालको एउटा सानो उद्योगले एक वर्षमा रु १२ लाख ८३ हजार बराबरको उत्पादन गर्दछ र देशको अर्थतन्त्रमा रु. ३ लाख ५४ हजार बराबरको मूल्य अभिवृद्धि सिर्जना गर्दछ । राष्ट्रिय औषतमा एउटा साना उद्योगसँग रु. ७ लाख ७ हजार बराबरको स्थायी सम्पत्ति छ ।
- राष्ट्रिय स्तरमा एउटा तलबी कामदारले एक वर्षमा रु. ६ लाख १६ हजार बराबरको उत्पादन गर्दछ र देशको अर्थतन्त्रमा वार्षिक रु. १ लाख ७० हजार बराबरको मूल्य अभिवृद्धि सिर्जना गर्दछ ।
- औद्योगिक सेवा मात्र प्रदान गर्ने साना उद्योगहरु ४९ % थिए भने आफ्नै कच्चामाल प्रशोधन गरेर औद्योगिक वस्तु उत्पादन गर्ने २१ % र वस्तुको उत्पादन तथा सेवा प्रदान दुवै कार्य गर्ने उद्योगहरु ३० %

थिए । वस्तु उत्पादन गर्ने र वस्तु तथा सेवा दुवैको उत्पादन गर्ने साना उद्योगहरुमा औषतमा क्रमशः ४ र ३ जना तलबी कामदार सहित क्रमशः ६ र ४ जना मानिसहरुले काम गर्थे भने औद्योगिक सेवा मात्र प्रदान गर्ने उद्योगहरुमा १ जना तलबी कामदार सहित ३ जना मानिसहरु संलग्न रहेका थिए ।

- औद्योगिक वस्तु उत्पादन गर्ने र वस्तु तथा सेवा दुवै उत्पादन गर्ने उद्योगहरु मध्येको एउटा साना उद्योगले वार्षिक क्रमशः रु. २३ लाख ७५ हजार र रु. २२ लाख ३८ हजार बराबरको उत्पादन गरी राष्ट्रिय अर्थतन्त्रमा वार्षिक क्रमशः रु. ६ लाख २० हजार र रु. ४ लाख ७४ हजार योगदान गर्दछ भने औद्योगिक सेवा मात्र उत्पादन गर्ने एउटा साना उद्योगले वार्षिक रु. २ लाख ४१ हजार बराबरको उत्पादन गरी रु. १ लाख ६९ हजार मूल्य अभिवृद्धि सिर्जना गर्दछ
- सन्दर्भ अवधिमा, राष्ट्रिय औषतमा, औद्योगिक वस्तु उत्पादन गर्ने र वस्तु तथा सेवा दुवै उत्पादन गर्ने उद्योगहरु मध्येको एउटा साना उद्योगसँग क्रमशः रु १२ लाख २९ हजार र रु.९ लाख ४२ हजार बराबरको स्थायी सम्पत्ति रहेको थियो भने सेवा मात्र प्रदान गर्ने एउटा साना उद्योगसँग रु. ३ लाख ४३ हजार बराबरको मात्र स्थायी सम्पत्ति रहेको थियो ।
- तलबी कामदारहरुको उत्पादन र मूल्य अभिवृद्धिसँगको सम्बन्ध हेर्दा औद्योगिक वस्तु उत्पादन गर्ने र वस्तु तथा सेवा दुवै उत्पादन गर्ने उद्योगहरुमा काम गर्ने एक जना तलबी कामदारले वार्षिक क्रमशः रु. ६ लाख १९ हजार र रु. ८ लाख ३७ हजार बराबरको उत्पादन गरी राष्ट्रिय अर्थतन्त्रमा वार्षिक क्रमशः रु. १ लाख ६१ हजार र रु. १ लाख ७७ हजार योगदान गर्दछ भने औद्योगिक सेवा मात्र उत्पादन गर्ने एउटा साना उद्योगमा कार्य गर्ने एक जना तलबी कामदारले वार्षिक रु. २ लाख ४६ हजार बराबरको उत्पादन गरी रु. १ लाख ७३ हजार मूल्य अभिवृद्धि सिर्जना गर्दछ

## साना उद्योगको उत्पादन क्षमताको उपयोग

- कुल उद्योगहरु मध्ये ८ % उद्योगले मात्र आफ्नो उत्पादन क्षमताको ८० % भन्दा बढी उपयोग गरेका थिए । यस्ता उद्योगहरुमा कुल संलग्न व्यक्तिहरु मध्ये ९%, कुल तलबी कामदारहरु मध्ये ११ % कामदारहरु काम गर्दथे । यी उद्योगहरुमा साना उद्योगहरुको कुल स्थायी सम्पत्ति मध्ये ६ प्रतिशत लगानी भएको छ । यी उद्योगहरुले साना उद्योगहरुको उत्पादनको १४ % उत्पादन गर्दछन भने कुल मूल्य अभिवृद्धिमा १२ % योगदान पुऱ्याउदछन । यस्ता उद्योगहरु मध्ये एउटा उद्योगले देशको अर्थतन्त्रमा वार्षिक रु ५ लाखा ६७ हजार बराबरको मूल्य अभिवृद्धि सिर्जना गर्दछन । र यस्ता उद्योगमा काम गर्ने एक जना तलबी कामदारले वार्षिक रु १ लाख ८९ हजार मूल्य अभिवृद्धि सिर्जना गर्दछन । यस हिसाबले, यदि सबै ३२३२६ वटै साना उद्योगहरुले आफ्नो उत्पादन क्षमताको ८० % भन्दा बढी उपयोग गरेको भए साना उद्योग क्षेत्रले सिर्जना गरेको मूल्य अभिवृद्धि रु.११४६ करोडबाट रु.६८७ करोड बढेर रु. १८३३ करोड हुने थियो ।

## उद्योगहरुको स्थायी सम्पत्ति

- नेपालका साना उद्योगहरुसँग सन्दर्भ वर्षको शुरुमा रु.२२२६ करोडको स्थायी सम्पत्ति थियो । सन्दर्भ अवधिमा खुद रु. ६० करोड बराबरको स्थायी सम्पत्ति थप गरेर सन्दर्भ वर्षको अन्तमा साना उद्योग क्षेत्रसँग रहेको कुल स्थायी सम्पत्ति रु. २२८६ करोड पुगेको छ । सन्दर्भ वर्षको शुरुमा कुल स्थायी सम्पत्ति मध्ये ३८% भवन तथा अन्य निर्माण, ३६ % जमिन, २० % मेशिन उपकरण, ४ % सवारी साधनहरु, १ % फर्निचर र १ % अन्य सम्पत्ति रहेको थियो ।
- सन्दर्भ वर्षको अन्तमा स्थायी सम्पत्तिको संरचनालाई प्रतिशतमा हेर्दा सन्दर्भ वर्षको शुरुमा भन्दा जमिनमा १ % कमि आएको र मेशिन उपकरण तथा सवारी साधनमा १–१ % वृद्धि भएको देखिन्छ ।
- स्थायी सम्पत्ति र जम्मा उद्योगहरुको संख्याबीचको अनुपात हेर्ने हो भने एउटा साना उद्योगसँग सन्दर्भ वर्षको शुरु र अन्त दुवै समयमा रु.२ लाख ४४ हजारको जमिन रहेको थियो भने शुरुको रु. २ लाख ६५ हजारको भवन तथा अन्य निमार्णमा रु. ३ हजार वृद्धि भएर सन्दर्भ वर्षको अन्तमा रु. २ लाख ६८ हजार पुगेको थियो । तर मेशिन तथा उपकरणमा एउटा उद्योगमा रु.१० हजारको दरले वृद्धि भएर सन्दर्भ वर्षको अन्तमा एउटा उद्योगमा रु. १ लाख ४७ हजार बराबरको मेशिन उपकरण भएको छ । यसैगरी, वार्षिक रु.६ हजारको दरले थप भएर सन्दर्भ वर्षको अन्तमा एउटा उद्योगमा रु.४३ हजारको सवारी साधन रहेको छ । एउटा साना उद्योगसँग औषतमा रु. १० हजारको फर्निचर रहेको छ ।

## साना उद्योगले भोगेको मुख्य समस्या

- नेपालका साना उद्योगहरु मध्ये ७ % ले मात्र सन्दर्भ अवधिमा उद्योग संचालन क्रममा कुनै समस्या भोग्नु नपरेको बताएका थिए । बाँकी ९३% साना उद्योगहरु कुनै न कुनै समस्याले ग्रसित छन । सबै भन्दा धेरै उद्योगहरुले विद्युत शक्तिको अभावलाई पहिलो समस्या भएको बताएका छन ।
- कुल साना उद्योग मध्ये ४१ % उद्योगहरुलाई सन्दर्भ अवधिमा विद्युत शक्तिको अभाव भएको थियो । त्यसपछि, २१ % उद्योगहरुले पूँजीको अभावलाई पहिलो समस्याको रुपमा भोगेको बताए भने कच्चा पदार्थको अभाव र बजारको अभाव भोग्ने साना उद्योगहरु ८–८ % थिए । दक्ष जनशक्तिको अभाव ६ % ले भोगे भने ३ % लाई औद्योगिक ऐन, नियम तथा नीतिले अप्ठयारो पारेको थियो । बन्द हडताल नै सन्दर्भ अवधिको पहिलो समस्या रहेको भनेर बताउने २ % साना उद्योग मात्र थिए । १ % साना उद्योगमा व्यवस्थापन र कामदारबीचको विवाद मूख्य समस्याको रुपमा रहेको थियो ।